# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०९।११ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०९।०८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | चुडामणि शर्मा र कल्पना उप्रेती शर्मा (विशेष अदालतको मुद्दा नं. ०७४-CR-००८२ र फैसला मिति २०८०/०२/१८) | गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार, कारण र प्रमाणहरुबाट प्रतिवादी चुडामणि शर्मा सार्वजनिक सेवा प्रवेश गरेको मिति २०४५/०४/२३ देखि मिति २०७३/०८/२९ (निज प्रतिवादीले आयोगमा सम्पत्ति विवरण पेश गरेको मिति) सम्मको अवधिलाई जाँच अवधि कायम गरी उक्त जाँच अवधिमा प्रतिवादी चुडामणि शर्माले आय आर्जन गरेको रकम **रु. ३,६३,७२,९६१।— (तीन करोड त्रिसाठ्ठी लाख बहत्तर हजार नौ सय एकसाठ्ठी रुपैयाँ)** को तुलनामा विभिन्न शीर्षकहरुमा गरिएका खर्च तथा लगानी **रु. ७,९३,२७,०८५।— (सात करोड त्रियान्नब्बे लाख सत्ताइस हजार पचासी रुपैयाँ)** देखिँदा निजको आय भन्दा बढी खर्च तथा लगानी गरेको रकम **रु. ४,२९,५४,१२४।—** | <u>फैसलाः</u> वादी दावी नपुग्ने।<br><u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u><br><u>आयतर्फः</u><br>**(क) प्रतिवादी चुडामणि शर्माको पारिश्रमिक आय तलब भत्ताको बचत आयः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट जीवन निर्वाह वापत ३०% कट्टा गरी जम्मा रु. २७,११,२०१।— प्रतिवादीको आयमा गणना गरिएकोमा प्रतिवादीले सहलेखापालमा जागिर खाएर मिति २०५१/०९/१९ मा राजिनामा दिँदा नियमानुसार उपदान, औषधी उपचार, सञ्चय कोष फिर्ता, सञ्चित बिदा वापतको रकम समेत जोडिनुपर्ने भनी प्रतिवादीको जिकिर रहेको। यस सम्बन्धमा, मिसिल प्रमाणबाट प्रतिवादीले सहलेखापालबाट राजिनामा दिए पश्चात प्राप्त गरेको उपदान रु. ७,३७१।—, औषधी उपचार खर्च रु. २२,४००।— र सञ्चय कोष रु. ३५,०००।— गरी जम्मा रु. ६४,७७१।— प्रतिवादीको पारिश्रमिक आयमा जोडिएको नदेखिँदा उक्त रकम प्रतिवादीको आयमा थप हुने देखिई यस शीर्षकमा प्रतिवादीको जम्मा रु. २७,७५,९७२।— आयमा कायम हुने देखिएको।<br>**(ख) प्रतिवादी चुडामणि शर्मा र निजको श्रीमति प्रतिवादी कल्पना उप्रेती शर्मा समेतको विविध बचतः**<br>▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी चुडामणि शर्मा र निजको श्रीमति प्रतिवादी कल्पना उप्रेती शर्माले विभिन्न कार्यालयबाट प्राप्त बैठक भत्ता, प्रशिक्षक भत्ता, चोरी पैठारी पक्राउ मुद्दामा पुरस्कार, लेख रचना लगायत स्रोत व्यक्तिको रुपमा विभिन्न संस्थाहरुबाट प्रशिक्षण वापत प्राप्त गरेका भुक्तानी रकममा कर कट्टी नगरी भुक्तानी प्राप्त गरेका रकमहरुमा नियमानुसार तिर्न बुझाउन पर्ने कर कट्टी गरी ७०% ले हुन आउने बचत रु. ३१,३९,५०५।— कायम गरिएकोमा यस बाहेक प्रतिवादीले सेवा अवधिमा दैनिक भ्रमण भत्ता समेत प्राप्त गरेको प्रमाण समेत पेश गरेकोमा आयोगले बेवास्ता गरी उक्त आय रकमलाई नजोडेकोले सो रकम पनि आयमा जोडिनुपर्ने भनी प्रतिवादीले जिकिर लिएको। यस सम्बन्धमा, अनुसन्धानको क्रममा प्रतिवादीले आयोग समक्ष पेश गरेका प्रमाण कागजहरु, निजले गरेको बयान व्यहोरा र सम्मानित विशेष अदालतको आदेश बमोजिम प्राप्त कागजहरु समेतबाट निम्न उल्लिखित शीर्षकहरुमा प्रतिवादीले थप आय प्राप्त गरेको र त्यसलाई आरोपपत्रमा समावेश गरिएको देखिँदैनः<br>**(अ) दैनिक भ्रमण भत्ताः**<br>यस शीर्षकमा आन्तरिक राजस्व विभागको मिति २०७२/०४/१९ को पत्रबाट प्रतिवादी चुडामणि शर्माले प्राप्त गरेको स्वदेशको दैनिक भ्रमण खर्च रु. | **प्रस्तुत मुद्दामा वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय र व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट देहाय बमोजिमका आय र व्ययतर्फका शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक रकम कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेको।**<br>**<u>आयतर्फः</u>**<br>**(क) पुस्तक बिक्रीबाट प्राप्त आयः**<br>**(अ)** प्रस्तुत मुद्दामा प्रतिवादी चुडामणि शर्माले आ.व. २०५८/०५९ देखि आ.व. २०६८/०६९ सम्ममा जम्मा रु. १४,९७,५४९।– भुक्तानी प्राप्त गरेको भनी प्रतिवादीले माछापुच्छ्रे बुक्स एण्ड स्टेशनरी सेन्टर, नेपालगञ्जको मिति २०७३/०८/२७ को पत्र अनुसन्धानको क्रममा आयोग समक्ष पेश गरेकोमा उक्त फर्म मिति २०६२/०४/०४ देखि सञ्चालन भएको, प्रतिवादीका भाई पर्शुराम ढकालले अनुरोध गरेको कारण निजको भाई कृष्ण अधिकारीले अनुमानको भरमा उक्त पत्र दिएका हुन् भनी उक्त पुस्तक पसलका प्रोप्राइटर वुद्धिप्रसाद अधिकारीले गरिदिएको घटना विवरण कागजबाट र उक्त पुस्तक पसलको पत्रबाट देखिँदा आयोगबाट सो रकम प्रतिवादीको आयमा नजोडिएको। मिति २०७४/०३/०५ को घटना विवरण कागजको सहिछाप निजको भएको तर हामीले भने झैं लेखिदिनु नत्र तपाईंहरु काठमाण्डौ पनि जानुपर्ने हुन्छ भनेकाले डराएर व्यहोरा लेखिदिएको र मिति २०७३/०८/२७ को पत्रको व्यहोरा सत्य भएको भनी उक्त पुस्तक पसलका प्रोप्राइटर वुद्धिप्रसाद अधिकारीले अदालत समक्ष उपस्थित भई गरिदिएको बकपत्रलाई आधार मानी सम्मानित विशेष अदालतबाट माछापुच्छ्रे बुक्स एण्ड स्टेशनरी सेन्टर, नेपालगञ्जले पुस्तक बिक्री गरेर प्रतिवादीलाई रु. १४,९७,५४९।– भुक्तानी दिएको देखिएकोले सो रकमलाई प्रतिवादीको आयमा कायम गरिएको अवस्था देखिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **(चार करोड उनान्तीस लाख चौवन्न हजार एक सय चौबीस रुपैयाँ)** बराबरको सम्पत्तिको स्रोत खुलेको नदेखिएबाट उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरी अमिल्दो तथा अस्वभाविक उच्च जीवनस्तर यापन गरेको देखिँदा प्रतिवादी चुडामणि शर्माले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले **बिगो रु. ४,२९,५४,१२४।— (चार करोड उनान्तीस लाख चौवन्न हजार एक सय चौबीस रुपैयाँ)** कायम गरी निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ग तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम | ३७,३४०।— आन्तरिक राजस्व विभागको मिति २०७३/०४/०७ को पत्रबाट निजले प्राप्त गरेको २०७२ साल श्रावणदेखि २०७३ साल असारसम्म भुक्तानी लिएको तलब भत्ता तथा अन्य सुविधा वापतको रकम मध्ये अनुगमन खर्च रु. ६८,०९०।—; आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज, बाँकेको मिति २०६१/०५/०९ को पत्रबाट निजले प्राप्त गरेको दैनिक भ्रमण भत्ता रु. ४६,३८८।— र महालेखा नियन्त्रक कार्यालयको मिति २०७३/०८/२६ को पत्रबाट आ.व. २०६६/०६७ मा पटक पटक गरेर निजले प्राप्त गरेको भ्रमण खर्च रु. ३२,१७३।— गरी निजले प्राप्त गरेको जम्मा रु. १,८३,९९१।— आरोपपत्रमा समावेश भएको नदेखिएको। सो रकमबाट ३०% जीवन निर्वाह खर्च कटौती गर्दा हुन आउने रकम जम्मा रु. १,२८,७९३।७ प्रतिवादीको आयमा थप गर्नुपर्ने देखिएको।<br>**(आ) बैठक भत्ता:**<br>यस शीर्षकमा आन्तरिक राजस्व कार्यालयको मिति २०७३/०४/०७ को पत्रबाट आरोपपत्रमा समावेश नगरिएको तर प्रतिवादी चुडामणि शर्माले प्राप्त गरेको बैठक भत्ता रु. ६,०००।— तथा कक्षा भत्ता रु. ५,१००।— र महालेखा नियन्त्रक कार्यालयको मिति २०७३/०८/२६ को पत्रबाट प्रतिवादी चुडामणि शर्माले भत्ता वापत जम्मा रु. ४६,५२६।— प्राप्त गरेको देखिएकोमा आरोपपत्रमा सो रकम मध्ये रु. ७,६४८।— मात्रै निजको आयमा जोडिएको देखिँदा आरोपपत्रमा नजोडिएको तर निजले प्राप्त गरेको बाँकी रकम रु. ३८,८७८।— गरी जम्मा रु. ४९,९७८।— थप हुने देखिएको। सो थप रकमबाट ३०% जीवन निर्वाह कट्टा गरी हुन आउने रकम रु. ३४,९८४।— प्रतिवादीको आयमा गणना हुने देखिएको।<br>**(इ) पुरस्कार:**<br>यस शीर्षकमा महालेखा नियन्त्रक कार्यालयको तर्फबाट दिएइको धन्यवाद तथा प्रसंशापत्रमा आ.व. २०६६/०६७ मा बेरुजु फछ्र्यौटमा उल्लेखनीय कार्य गरेको भनी रु. ६,०००।— नगद पुरस्कार दिएको देखिँदा उक्त पुरस्कार रकम प्रतिवादी चुडामणि शर्माको आयमा जोडिने देखिएको।<br>**(ई) प्रशिक्षण वापत:**<br>▪ यस शीर्षकमा जाँच अवधिमा आयोगबाट अनुसन्धानको क्रममा प्रतिवादी चुडामणि शर्माले आ.व. २०६८/०६७ देखि आ.व. २०७२/०७३ सम्म Sumeru Saving & Credit Co-operative Ltd. को सहकारी शिक्षा कोषबाट सदस्यहरुलाई सहकारी शिक्षा तथा क्षमता विकासको लागि सञ्चालित तालिममा सहजकर्ताको भूमिका निर्वाह गरे वापत निज प्रतिवादीले जम्मा रु. ५०,०००।— नियमानुसार पारिश्रमिक पाएको भन्ने Sumeru Saving & Credit Co-operative Ltd. को च.नं. १०२/०७३/०७४ मिति २०७३/०८/३० को पत्र पेश गरेकोमा उक्त | (आ) स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रबाट स्थायी लेखा नम्बर ३०१९६५५७८ भएको माछापुच्छ्रे बुक्स एण्ड स्टेशनरी सेन्टर, नेपालगञ्ज मिति २०६२/०४/०४ मा मात्रै कृष्ण अधिकारीको (वुद्धिप्रसाद अधिकारीको भाई) नाममा दर्ता भएको देखिँदा आ.व. २०५८/०५९ देखि नै प्रतिवादी चुडामणि शर्माले पुस्तक बिक्रीबाट आय प्राप्त गरेको कुरा खण्डित भएको। उक्त पसलका प्रोप्राइटर वुद्धिप्रसाद अधिकारीले पुस्तक आएको, बेचेको र किस्ता किस्तामा पुस्तक बिक्री वापत रकम प्रतिवादीलाई भुक्तानी दिएको तथ्यलाई पसल तथा फर्म सञ्चालन गर्ने व्यक्तिले एकीन विवरण प्रस्तुत गर्न नसकी बकपत्रको व्यहोरालाई तथ्यगत, वस्तुपरक र निश्चयात्मक आधार, कारण र प्रमाणबाट पुष्टि गर्न नसकेको। मिति २०७४/०३/०५ को अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कोहलपुर समक्ष उक्त पसलका प्रोप्राइटर बुद्धिप्रसाद अधिकारीले गरिदिएको घटना विवरण कागजको व्यहोरा आयोगका कर्मचारीहरुको डर त्रासका कारण लेखिदिएको विषयमा सम्बन्धित निकायमा सम्बन्धित कर्मचारीहरु उपर उजुर बाजुर समेत गर्न सक्ने अवस्था रहेकोमा अदालतमा उपस्थित भई घटना विवरण कागजको व्यहोरा आयोगका कर्मचारीहरुको डर त्रासमा परी गरिदिएको तथ्यलाई तथ्यपरक र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न नसकेको।<br>(इ) त्यसैगरी, प्रतिवादी चुडामणि शर्माका भाई पर्शुराम ढकालले अनुरोध गरेको कारण अनुमानको भरमा प्रतिवादीले आ.व. २०५८/०५९ देखि आ.व. २०६८/०६९ सम्ममा जम्मा रु. ९,०१,१२५।– भुक्तानी प्राप्त गरेको भन्ने पत्र दिएको भनी पर्वत पुस्तक पसल एण्ड अर्डर सप्लायर्स, नेपालगञ्जका प्रोप्राइटर राजुप्रसाद काफ्लेले गरिदिएको घटना विवरण कागजबाट र उक्त पुस्तक पसलको पत्रबाट देखिएकोले आयोगबाट सो रकम प्रतिवादीको आयमा नजोडिएको। मिति २०७३/०८/२७ को पत्रको व्यहोरा सत्य भएको र आयोग समक्ष गरेको घटना विवरण कागज डराएर उनीहरुले भने बमोजिम लेखेको भनी उक्त पुस्तक पसलका प्रोप्राइटर राजुप्रसाद काफ्लेले अदालत समक्ष उपस्थित भई गरिदिएको बकपत्रलाई आधार मानी सम्मानित विशेष अदालतबाट पर्वत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सजाय हुनका साथै निज प्रतिवादीले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको **रु. ४,२९,५४,१२४।— (चार करोड उनान्तीस लाख चौवन्न हजार एक सय चौबीस रुपैयाँ)** बराबरको चल अचल सम्पत्ति समेत साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत/असुल उपर हुन मागदावी लिइएको।<br>साथै, प्रतिवादी चुडामणि शर्माले सार्वजनिक सेवाको पदमा रही आफ्नो पदको दुरुपयोग गरी भ्रष्टाचारजन्य कार्य गरी गैरकानुनी रुपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्ति निज प्रतिवादीले श्रीमति कल्पना उप्रेती शर्मा समेतको नाममा राखेको स्रोत नखुलेको सम्पत्ति जफत गर्ने प्रयोजनार्थ | सहकारीलाई बुझ्दा यस अघि प्रतिवादी चुडामणि शर्मालाई प्रदान गरिएको पत्र निजको अनुरोधमा बैङ्किङ्ग प्रयोजनको लागि रहेको भन्ने Sumeru Saving & Credit Co-operative Ltd. को च.नं. १९५ मिति २०७४/०३/०७ को पत्रबाट खुलिआएको देखिएको र प्रतिवादी चुडामणि शर्माले पेश गरेको पत्र निजले आयोग समक्ष सम्पत्ति विवरण पेश गरेको मिति पश्चातको भएको देखिएको आधारमा उक्त रकमलाई प्रतिवादीको आयमा गणना गरिएको नदेखिएको। यस सम्बन्धमा, प्रतिवादीले आ.व. २०६८/०६९ देखि आ.व. २०७२/०७३ मा प्राप्त गरेको आयलाई उक्त सहकारीले पछिल्लो मितिमा प्रमाणित गरिदिएको र प्रतिवादीले पहिले नै प्राप्त गरेको रकमको सम्बन्धमा प्रतिवादीलाई आयस्रोत देखाउनुपर्ने भएपछि उक्त पत्र लिएको कुरालाई अस्वभाविक मान्नुपर्ने नदेखिएकोले उक्त रकम प्रतिवादीको आयमा जोडिने देखिएको।<br>▪ त्यसैगरी, अनुसन्धानको क्रममा प्रतिवादी चुडामणि शर्माले प्रशिक्षकको रुपमा जम्मा रु. ४५,०००।— नियमानुसार पारिश्रमिक लिनु भएको भन्ने Asian College for Advance Studies को च.नं. १०३/०७३/०७४ मिति २०७३/०८/३० को पत्र पेश गरेकोमा उक्त संस्थालाई बुझ्दा प्रतिवादी चुडामणि शर्माले पेश गरेको पत्र निजले आयोग समक्ष सम्पत्ति विवरण पेश गरेको मिति पश्चातको भएको देखिएको आधारमा उक्त रकमलाई प्रतिवादीको आयमा गणना गरिएको नदेखिएको। यस सम्बन्धमा, उक्त मितिको पत्रबाट आ.व. २०६९/०७० देखि आ.व. २०७२/०७३ सम्म हरेक आर्थिक वर्षमा प्रतिवादीले रकम बुझेको देखिएको र प्रतिवादीले सो पत्र पछिल्लो मितिमा ल्याएर पेश गरेको देखिए पनि निजले अगाडिकै मितिमा उल्लिखित रकम रु. ४५,०००।— बुझेको भन्ने देखिएकोले सो रकम समेत प्रतिवादीको आयमा जोडिने देखिएको।<br>▪ यसरी, प्रशिक्षण वापत जम्मा रु. ९५,००,०००।— प्राप्त गरेको भन्ने पत्रबाट देखिए पनि त्यसबाट पारिश्रमिक कर १५% कट्टी गर्दा हुन आउने रकम रु. ८७,५००।— मा जीवन निर्वाह खर्च ३०% कट्टा गर्दा हुने रु. ६१,२५०।— प्रतिवादीको आयमा गणना हुने देखिएको।<br>**(उ) पदपूर्ति समितिमा काम गरेको भत्ताः**<br>यस शीर्षकमा सिंहदरबार वैद्यखाना विकास समितिको मिति २०७३/०८/२६ को पत्रबाट मिति २०६६/१०/१२ देखि मिति २०६७/०३/१८ सम्म विभिन्न मितिमा बसेको पदपूर्ति समितिको बैठकमा आमन्त्रित सदस्य एवं उत्तरपुस्तिका परीक्षण गरे वापत करकट्टी गरी प्रतिवादी चुडामणि शर्माले बुझिलिएको भत्ता रु. ७,५६७।५० प्रतिवादीको आयमा गणना गरेको नदेखिँदा सो भत्ता रकमबाट ७०% ले हुन आउने बचत भत्ता रु. ५,२९७।२५ प्रतिवादीको आयमा थप हुने देखिन आएको।<br>▪ यसरी, आयोगबाट प्रतिवादी चुडामणि शर्मा र निजको श्रीमति प्रतिवादी कल्पना | पुस्तक पसल एण्ड अर्डर सप्लायर्स, नेपालगञ्जले पुस्तक बिक्री गरेर प्रतिवादीलाई रु. ९,०१,१२५।– भुक्तानी दिएको देखिएकोले सो रकमलाई प्रतिवादीको आयमा कायम गरिएको।<br>(ई) पर्वत पुस्तक पसल एण्ड अर्डर सप्लायर्स, नेपालगञ्जका प्रोप्राइटर राजुप्रसाद काफ्लेले पनि पुस्तक आएको, बेचेको र किस्ता किस्तामा पुस्तक बिक्री वापत रकम प्रतिवादीलाई भुक्तानी दिएको तथ्यलाई पसल तथा फर्म सञ्चालन गर्ने व्यक्तिले एकीन विवरण प्रस्तुत गर्न नसकी बकपत्रको व्यहोरालाई तथ्यगत, वस्तुपरक र निश्चयात्मक आधार, कारण र प्रमाणबाट पुष्टि गर्न नसकेको। आयोगका कर्मचारीहरुको डर त्रासका कारण लेखिदिएको घटना विवरण कागजको विषयमा उक्त पसलका प्रोप्राइटर राजुप्रसाद काफ्लेले सम्बन्धित निकायमा सम्बन्धित कर्मचारीहरु उपर उजुर बाजुर समेत गर्न सक्ने अवस्था रहेकोमा अदालतमा उपस्थित भई घटना विवरण कागजको व्यहोरा आयोगका कर्मचारीहरुको डर त्रासमा परी गरिदिएको तथ्यलाई तथ्यपरक र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न नसकेको।<br>(उ) यसरी, आफ्नो भनाई तथा जिकिरलाई खम्बीर वा खण्डन गर्न तथ्तयुक्त, वस्तुनिष्ठ र शंका रहित प्रमाण सम्बन्धित व्यक्तिले पेश गरी पुष्टि गर्न सक्नु पर्दछ। प्रस्तुत मुद्दामा प्रतिवादी चुडामणि शर्माले पुस्तक बिक्री वापत माछापुच्छ्रे बुक्स एण्ड स्टेशनरी सेन्टर, नेपालगञ्जबाट रु. १४,९७,५४९।– र पर्वत पुस्तक पसल एण्ड अर्डर सप्लायर्स, नेपालगञ्जबाट रु. ९,०१,१२५।— भुक्तानी प्राप्त गरेको कुरा कारोबारको एकीन विवरण सहित तथ्ययुक्त र वस्तुनिष्ठ प्रमाणहरुबाट पुष्टि भएको नदेखिई आयोगबाट सो अंकहरु प्रतिवादीको आयमा गणना नगरिएकोमा फर्म दर्ता हुनुभन्दा अगाडि कै मितिमा पुस्तक बिक्रीबाट रकम प्राप्त भएको; उक्त कारोबारलाई पुष्टि गर्ने एकीन विवरण सहित तथ्यपरक र वस्तुपरक प्रमाण पेश नै नभएको र मनगढन्ते व्यहोरा उल्लेख गरी अविश्वसनीय बकपत्र गरिएको अवस्थामा उक्त पसलका प्रोप्राइटरहरुले अपुष्ट, काल्पनिक र अतार्किक भनाई राखी बकपत्र गरेकै आधारमा ग्रहण अयोग्य प्रमाण बकपत्रलाई प्रमाणमा ग्रहण गरी सम्मानित विशेष अदालतबाट यस शीर्षकमा प्रतिवादीको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मात्र साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग; दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम प्रतिवादी चुडामणि शर्माका श्रीमति कल्पना उप्रेती शर्मालाई प्रतिवादी कायम गरी उक्त सम्पत्ति जफत हुन मागदावी लिइएको। | उप्रेती शर्मा समेतको विविध बचत शीर्षकमा रु. ३१,३९,५०५।— प्रतिवादीको आयमा कायम गरिएकोमा मिसिल प्रमाणहरुबाट यसका अतिरिक्त दैनिक भ्रमण भत्ता रु. १,२८,७९३।७; बैठक भत्ता रु. ३४,९८४।—; पुरस्कार वापत रु. ६,०००।—; प्रशिक्षण वापत रु. ६१,२५०।— र पदपूर्ति समितिमा काम गरेको भत्ता रु. ५,२९७।२५ गरी जम्मा रु. २,३६,३२५।५५ आरोपपत्रमा आयमा गणना गर्न छुट भएको देखिँदा उक्त रकम पनि प्रतिवादीको आयमा थप हुने भई यस शीर्षकमा जम्मा रु. ३३,७५,८३०।५५ प्रतिवादीको आयमा कायम हुने देखिएको।<br>**(ग)पुस्तक बिक्रीबाट प्राप्त आयः**<br>▪यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी चुडामणि शर्माले पुस्तक बिक्री गरेर आर्जन गरेको रु. १,०६,४४,३४०।— प्रतिवादीको आयमा कायम गरिएकोमा पुस्तकमा TDS (Tax Deducted at Source) कट्टी गर्ने दायित्व भुक्तानीकर्ताको भएकोले निजले प्राप्त गरेको रकम उक्त TDS (Tax Deducted at Source) कट्टी पश्चातको प्राप्त गरेको रकम भएको हुँदा निजले पुस्तक बिक्रीमा रोयल्टी वापत प्राप्त गरेको रकमका साथै बिक्री वापत प्राप्त सम्पूर्ण रकम पनि आयमा गणना गरिनु पर्छ भनी प्रतिवादीको जिकिर रहेको। यस सम्बन्धमा, सारा प्रकाशनबाट प्रकाशित पुस्तकहरु बाहेक, अन्य पुस्तकहरु पनि सम्बन्धित प्रकाशन संस्थाले नै प्रकाशन गरेर प्रतिवादीले पत्र बमोजिमको रकम रोयल्टी वापत प्राप्त गरेको हो भनी प्रतिवादीले प्रष्ट जिकिर लिएको नदेखिएको र पुस्तक बिक्रेताहरुले लेखेका पत्रको व्यहोराबाट प्रतिवादीले बिक्रीका लागि पुस्तक उपलब्ध गराएका, लेखक स्वयंले प्रकाशन गरेका पुस्तक बिक्रीका लागि प्राप्त भएकोले रकम भुक्तानी गर्दा पुस्तकहरु बिक्री गरे वापतको छुट कटाएर बाँकी रकम भुक्तानी गरिएको तथा उक्त रकमको कर बुझाउने दायित्व प्रकाशकको हुन्छ भन्ने देखिएकोले ती पुस्तकहरु प्रतिवादीले नै प्रकाशन गरेर बिक्रीका लागि सम्बन्धित संस्थालाई उपलब्ध गराएका रहेछ भनेर मान्नुपर्ने देखिएको। त्यस्तै, प्रतिवादी स्वयंले पेश गरेको सम्पत्ति विवरणमा बहुआयामिक प्रकाशन तथा व्यवस्थापन केन्द्र मार्फत पुस्तकहरु प्रकाशित गरेको भनी उल्लेख भएको र आरोपपत्रमा पनि सो केन्द्रको आय/व्ययलाई मान्यता दिई समावेश गरेको देखिएको अवस्था हुँदा प्रतिवादीले रकम लगानी गरेर पुस्तक प्रकाशन गरेको भनी आरोपपत्रमा पुस्तक प्रकाशन, वितरण लगायतको खर्च कटाएको कुरालाई अन्यथा मान्नुपर्ने अवस्था नदेखिँदा आरोपदावीमा उल्लिखित खर्चलाई प्रतिवादीले सप्रमाण अन्यथा पुष्टि गर्न सकेको अवस्था बाहेक, प्रतिवादीले पुस्तक बिक्रीबाट प्राप्त रकममा ३५% छपाई एवं व्यवस्थापन खर्च कटौती गरेको स्वभाविक देखिएको। त्यसैगरी, पुस्तक बिक्रेताहरुले पुस्तक बिक्री गरेर प्रतिवादीलाई भुक्तानी गरेको रकममा पुस्तक बिक्रेताहरुले TDS (Tax Deducted at Source) कट्टी गरेको अर्थात अग्रिम कर कट्टी | आयमा सो अंक कायम गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(ख) कृषि बचत आयः**<br>**(अ)** मालपोत कार्यालय, स्याङ्जाबाट मिति २०६८/०७/२३ मा पारित भएको अंशवण्डाको लिखतबाट प्रतिवादी चुडामणि शर्मा, निजका दाजु, भाई र अविवाहित बहिनी समेत ६ अंशियारहरु बिच अंशवण्डा हुँदा पैतृक सम्पत्तिको रुपमा स्याङ्जा जिल्ला, फापरथुम गा.वि.स. वडा नं. ९ स्थित कि.नं. १०९९, ८२१, १६७१, १६७६ र ६८८ का क्रमशः ८५.४५ व.मि., ७८४.९७ व.मि., २२२.५७ व.मि., ६६९.७१ व.मि. र ७१३.४३ व.मि. गरी कुल २४७६.१३ व.मि. (४-१३-३-२ रोपनी) क्षेत्रफल भएका जग्गाहरु प्रतिवादी चुडामणि शर्माको अंश भागमा प्राप्त भएको। अंशवण्डा भएपछि आ.व. २०६८/०६९ देखि आ.व. २०७२/०७३ सम्मको कृषि आयको सम्बन्धमा जिल्ला कृषि विकास कार्यालय, स्याङ्जाको च.नं. १९ मिति २०७४/०४/०८ को पत्रसाथ प्राप्त विवरण अनुसार खेती खर्च कटाई खुद आम्दानी भएको रु. २,२४,३२०।— मा आयोगबाट खेती गर्ने पारिवारिक व्यक्ति बाहेक खेती गरी आम्दानी बुझाउने व्यक्तिको जीवन निर्वाह वापत ३०% कट्टा गरी ७०% बचत हुन आउने रु. १,५७,०२४।— प्रतिवादी चुडामणि शर्माको कृषि बचत आयमा गणना गरिएको छ।<br>**(आ)** अंशवण्डा भएको मिति २०६८/०७/२३ भन्दा अघिको कृषि आयमा पनि प्रतिवादी चुडामणि शर्माको भाग निहित रहने प्रतिवादी र निजका अंशियारहरु सगोलमै रहेको, कृषि आयले जीवन निर्वाह गरेको होला भन्ने आधारमा कृषि आय गणना नै नगरिनु उचित नदेखिँदा जिल्ला कृषि विकास कार्यालय, स्याङ्जाको च.नं. २५६ मिति २०७३/०८/२९ को पत्रानुसार २०६८ साल भन्दा अगाडिको जाँच अवधिभित्रको कृषि आय जम्मा रु. २५,५५,०००।– को १ भागमा पर्ने रु. ४,२५,८३३।– बाट लागेको ३०% लगत कटाई हुन आउने रु. २,९८,०८३।–प्रतिवादीको आयमा समावेश गरी सम्मानित विशेष अदालतबाट यस शीर्षकमा प्रतिवादीको जम्मा रु. ४,५५,१०७।– कायम गरिएको। प्रस्तुत मुद्दामा अंशियारहरु बिच अंशवण्डा हुन पूर्व प्रतिवादी चुडामणि शर्मा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गरेको नदेखिएको अवस्थामा प्रतिवादीबाट सो कर कट्टी गरिएकोमा अन्यथा भएको नदेखिएको।<br>▪त्यसैगरी, प्रतिवादी चुडामणि शर्माको तर्फबाट बहसको क्रममा विद्वान कानुन व्यवसायीले माछापुच्छ्रे बुक्स एण्ड स्टेशनरी सेन्टर, नेपालगञ्ज र पर्वत पुस्तक पसल एण्ड अर्डर सप्लायर्स, नेपालगञ्जका तर्फबाट प्राप्त रकमलाई प्रमाणबाट पुष्टि हुँदा उक्त रकम समेत आयमा जोडिनुपर्दछ भनी जिकिर लिएको अवस्था देखिन्छ। यस सम्बन्धमा, प्रतिवादी चुडामणि शर्माले आ.व. २०५८/०५९ देखि आ.व. २०६८/०६९ सम्ममा जम्मा रु. १४,९७,५४९।— भुक्तानी प्राप्त गरेको भन्ने प्रतिवादीले पेश गरेको माछापुच्छ्रे बुक्स एण्ड स्टेशनरी सेन्टर, नेपालगञ्जको मिति २०७३/०८/२७ को पत्रको सत्यता परीक्षण गर्ने क्रममा उक्त पुस्तक पसलका प्रोप्राइटर बुद्धिप्रसाद अधिकारीले गरिदिएको घटना विवरण कागजबाट र उक्त पुस्तक पसलको पत्रबाट उक्त फर्म मिति २०६२/०४/०४ देखि सञ्चालन भएको, प्रतिवादीका भाई पर्शुराम ढकालले अनुरोध गरेको कारण निजको भाई कृष्ण अधिकारीले अनुमानको भरमा उक्त पत्र दिएका हुन् भन्ने देखिएकोले आयोगबाट सो रकम प्रतिवादीको आयमा जोडिएको नदेखिएकोमा उक्त पुस्तक पसलका प्रोप्राइटर बुद्धिप्रसाद अधिकारीले अदालत समक्ष उपस्थित भई मिति २०७४/०३/०५ को घटना विवरण कागजको सहिछाप निजको भएको तर हामीले भने झै लेखिदिनु नत्र तपाईंहरु काठमाण्डौ पनि जानुपर्ने हुन्छ भनेकाले डराएर व्यहोरा लेखिदिएको र मिति २०७३/०८/२७ को पत्रको व्यहोरा सत्य भएको भनी गरिदिएको बकपत्रबाट माछापुच्छ्रे बुक्स एण्ड स्टेशनरी सेन्टर, नेपालगञ्जले पुस्तक बिक्री गरेर प्रतिवादीलाई रु. १४,९७,५४९।— भुक्तानी दिएको देखिएको।<br>▪प्रतिवादी चुडामणि शर्माले आ.व. २०५८/०५९ देखि आ.व. २०६८/०६९ सम्ममा जम्मा रु. ९,०१,१२५।– भुक्तानी प्राप्त गरेको भन्ने प्रतिवादीले पेश गरेको पर्वत पुस्तक पसल एण्ड अर्डर सप्लायर्स, नेपालगञ्जको मिति २०७३/०८/२७ को पत्रको सत्यता परीक्षण गर्ने क्रममा उक्त पुस्तक पसलका प्रोप्राइटर राजुप्रसाद काफ्लेले गरिदिएको घटना विवरण कागजबाट र उक्त पुस्तक पसलको पत्रबाट उक्त फर्म मिति २०५८/०५/०७ देखि सञ्चालन भएको, प्रतिवादीका भाई पर्शुराम ढकालले अनुरोध गरेको कारण अनुमानको भरमा उक्त पत्र दिएको भन्ने देखिएकोले आयोगबाट सो रकम प्रतिवादीको आयमा जोडिएको नदेखिएकोमा उक्त पुस्तक पसलका प्रोप्राइटर राजुप्रसाद काफ्लेले अदालत समक्ष उपस्थित भई मिति २०७३/०८/२७ को पत्रको व्यहोरा सत्य भएको र आयोग समक्ष गरेको घटना विवरण कागज डराएर उनीहरुले भने बमोजिम लेखेको भनी गरिदिएको बकपत्रबाट पर्वत पुस्तक पसल एण्ड अर्डर सप्लायर्स, नेपालगञ्जले पुस्तक बिक्री गरेर प्रतिवादीलाई रु. ९,०१,१२५।– भुक्तानी दिएको देखिएको। | र निजको परिवार काठमाण्डौमा बसोबास गर्ने भएपनि निजको बुवा आमा सहितका परिवारका अन्य सदस्यहरु स्याङ्जा जिल्ला, फापरथुम गा.वि.स. वडा नं. ९ मा नै बसोबास एवं जीवन निर्वाह गर्दै आएको देखिएकोले अंशवण्डा हुन पूर्वको कृषि आय निजको आयमा गणना गर्न मिल्ने नदेखिएको। अंशवण्डा हुन पूर्व प्रतिवादी चुडामणि शर्माले के-कस्तो आधारमा कृषि आयको के-कति हिस्सा पर्न आई निजले प्राप्त गरेको तथ्यलाई पुष्टि गर्ने वस्तुनिष्ठ तथा यथेष्ट प्रमाण पेश गर्न नसकेको। सो तथ्यलाई मिति २०६८/०७/२३ को अंशवण्डाको पारित लिखतले पनि स्पष्ट तथा पुष्टि नगरेको। प्रतिवादी चुडामणि शर्माले अंशवण्डा हुन पूर्वको कृषि आय निजको आयमा मूल्याङ्कन गर्नै नसकिने अवस्थामा पनि सम्मानित विशेष अदालतबाट अंशवण्डा हुन पूर्वको कृषि आयको १ भाग प्रतिवादीले प्राप्त गरेको कुरा मिसिल संलग्न प्रमाणहरुबाट पुष्टि भएको नदेखिँदा अंशवण्डा हुन पूर्वको कृषि आयको १ भाग रु. २,९८,०८३।– प्रतिवादीको आयमा समावेश गरी यस शीर्षकमा प्रतिवादीको जम्मा रु. ४,५५,१०७।– कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>**(ग)** प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट प्रतिवादी चुडामणि शर्माको पारिश्रमिक आय तलब भत्ताको बचत आय रु. २७,७५,९७२।–; प्रतिवादी चुडामणि शर्मा र निजको श्रीमति प्रतिवादी कल्पना उप्रेती शर्मा समेतको विविध बचत रु. ३३,७५,८३०।५५; बहुआयामिक प्रकाशन तथा व्यवस्थापन केन्द्र र बहुआयामिक परामर्श सेवा केन्द्रको आय रु. १३,९५,३६५।— र वैदेशिक बचत आय रु. २,२८,८४९।६० आयमा कायम गरिएको सम्बन्धमा अन्यथा पुष्टि हुने अवस्था नदेखिँदा पुनरावेदक/वादीको जिकिर नरहेको।<br>**व्ययतर्फः**<br>**(क)बिल भरपाई र प्रमाणका कागजातहरुबाट शीर्षक र रकम एवं मिति खुलेका शीर्षक अनुसारका खर्चहरुबाहेक शीर्षक नखुलेका घरायसी, शैक्षिक, पारिवारिक, सामाजिक एवं अन्य खर्चहरुमा आ.व. २०४५/०४६ देखि २०७३ साल मंसिर मसान्तसम्म** |

▪यसरी, माछापुच्छ्रे बुक्स एण्ड स्टेशनरी सेन्टर, नेपालगञ्जबाट जम्मा रु. १४,९७,५४९।— र पर्वत पुस्तक पसल एण्ड अर्डर सप्लायर्स, नेपालगञ्जबाट जम्मा रु. ९,०१,१२५।– गरी जम्मा रु. २३,९८,६७४।— प्रतिवादीले प्राप्त गरेको रकमबाट छपाई एवं व्यवस्थापन खर्च र TDS (Tax Deducted at Source) गरी ५०% कटाउँदा हुन आउने रु. ११,९९,३३७।— प्रतिवादीको आयमा थप भई यस शीर्षकमा जम्मा रु. १,१९,४३,६७७।— हुने देखिएको।

**(घ) कृषि बचत आयः**

यस शीर्षकमा जाँच अवधिमा आयोगबाट अंशवण्डा पूर्वको आय प्रतिवादी चुडामणि शर्माको आयमा गणना गर्न उपयुक्त नदेखिई प्रतिवादीको अंशवण्डा पछिको कृषि आयलाई मात्रै गणना गर्दा जम्मा रु. १,५७,०२४।— कायम गरिएकोमा अंशवण्डा हुनुपूर्व आ.व. २०४५/०४६ देखि आ.व. २०७१/०७२ सम्म अवधिको जम्मा रु. ४४,२७,०००।— आम्दानी हुने भनी जिल्ला कृषि विकास कार्यालय, स्याङजाको पत्र बमोजिम कृषि आयमा खर्च नकटाई कृषि आय कायम हुनुपर्छ भनी प्रतिवादीको जिकिर रहेको। यस सम्बन्धमा, मिति २०६८/०७/२३ भन्दा पछिको कृषि आम्दानीमा लाग्ने लागत कटाएर बाँकी रकम प्रतिवादीको आयमा जोडिएको उचितै देखिएको र सो भन्दा अघिको कृषि आयमा पनि प्रतिवादीको भाग निहित रहेको हुन्छ, प्रतिवादी र निजका अंशियारहरु सगोलमै रहेको, कृषि आयले जीवन निर्वाह गरेको होला भन्ने आधारमा कृषि आय गणना नै नगरिनु उचित नदेखिँदा जिल्ला कृषि विकास कार्यालय, स्याङ्जाको च.नं. २५६ मिति २०७३/०८/२९ को पत्रबाट २०६८ साल भन्दा अगाडिको जाँच अवधिभित्रको जम्मा कृषि आय रु. २५,५५,०००।— रकमलाई ६ भाग लगाउँदा १ भागमा रु. ४,२५,८३३।— पर्न जाने आयबाट लागेको ३०% लगत कटाउँदा हुन आउने रकम रु. २,९८,०८३।— प्रतिवादीको आयमा समावेश गरिदिनु उचित देखिएकोले यस शीर्षकमा प्रतिवादीको जम्मा रु. ४,५५,१०७।— हुने देखिएको।

**(ङ) बहुआयामिक प्रकाशन तथा व्यवस्थापन केन्द्र र बहुआयामिक परामर्श सेवा केन्द्रको आयः**

▪यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी चुडामणि शर्माको श्रीमति प्रतिवादी कल्पना उप्रेती शर्माको नाममा मिति २०७१/०९/३० मा बहुआयामिक प्रकाशन तथा व्यवस्थापन केन्द्र र बहुआयामिक परामर्श सेवा केन्द्र दर्ता गरी कारोबार गरेको सम्बन्धमा आन्तरिक राजस्व विभागको च.नं. १९ मिति २०७४/०४/१६ को पत्रबाट आ.व. २०७१/०७२ र २०७२/०७३ को कर चुक्ता खुद आय रु. १०,९७,८६५।— प्रतिवादीको वैध आयमा गणना गरिएको। बहुआयामिक प्रकाशन तथा व्यवस्थापन केन्द्र र बहुआयामिक परामर्श सेवा केन्द्र आ.व. २०५६/०५७ देखि नै काम गरी आएको; आर्थिक ऐन, २०७१ को दफा २०(१) को प्रावधान बमोजिम मिति २०७१/०९/३० मा उक्त केन्द्र दर्ता गरी

**भए गरेको खर्चः**

(अ) प्रस्तुत मुद्दामा प्रतिवादी चुडामणि शर्माले मिति २०७३/०८/२९ मा आयोग समक्ष पेश गरेको सम्पत्ति विवरण फाराम साथ संलग्न आय व्यय विवरण (सरकारी सेवामा प्रवेश गरेको मिति वि.सं. २०४५/०४/२२ देखि २०७३ कार्तिक मसान्तसम्मको नगद प्रवाह विवरण) र निज प्रतिवादीले अनुसन्धानको क्रममा गरिदिएको बयानको स.ज. २४ र स.ज. २५ समेतका आधारमा आ.व. २०४५/०४६ देखि हालसम्म (२०७३ मंसिर मसान्त) खुलाइएका शीर्षकहरुमा बाहेक अर्थात बिल भरपाई र प्रमाण कागजातहरुबाट शीर्षक र रकम एवं मिति खुलेका शीर्षक अनुसारका खर्चहरु बाहेक शीर्षक नखुलेका घरायसी, शैक्षिक, पारिवारिक, सामाजिक एवं अन्य खर्चहरुमा आ.व. २०४५/०४६ देखि हालसम्म (२०७३ मंसिर मसान्त) भए गरेका अन्य एकमुष्ट खर्च रकम जम्मा रु. ३,५६,०४,५७०।– आयोगबाट प्रतिवादीको व्ययमा गणना गरिएको।

(आ) प्रतिवादी चुडामणि शर्माले प्रष्टसँग व्ययका अन्य शीर्षक बाहेक पनि उक्त रकम आफूले खर्च गरेको हो भन्ने कुराको स्वीकारोक्ति गरेको नदेखिँदा घरायसी, शैक्षिक, पारिवारिक, आदि विषयमा प्रतिवादीले के-कति रकम व्यय गरे भन्ने कुरा अभियोजन पक्षले देखाउनै नपर्ने, प्रतिवादीले बयानमा कुनै प्रसङ्गमा एकमुष्ट रुपमा व्यय अंक उल्लेख गरे भन्दैमा व्ययका शीर्षकसम्म नखुलाई ती शीर्षकमा भएको व्यय नखुलाई एकमुष्ट रुपमा व्यय देखाउनु स्वभाविक र कानुन सँगत नदेखिएको; प्रतिवादीको पारिश्रमिक आय लगायतका निजका वैद्य आयका स्रोत जीवन निर्वाह खर्च तथा कानुन बमोजिम कर कट्टी गरिएको र घरायसी सामान खरिद, आय आर्जन गरेका, संस्थामा लगानी, शेयर खरिद, सवारी साधन खरिद, आदिमा भएको व्यय रकम तीनै शीर्षकहरुमा जोडिएकोले खर्चका शीर्षकमा नजोडिएका तथा व्यवहारिक रुपमा खर्च भएको देखिएका प्रतिवादीका छोरीहरुको शैक्षिक खर्च अनुमानित रु. ८,००,०००।–; सुन चाँदी खरिदमा अनुमानित रु. २,००,०००।– र प्रतिवादीले आयोग समक्ष पेश गरेको सम्पत्ति विवरण फारामको अन्य सम्पत्तिहरुको

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | स्थायी लेखा नम्बर लिएको र कानुन बमोजिम लाग्ने कर समेत दाखिला गरेकोलाई कारदाता सेवा कार्यालय, महाराजगञ्जबाट प्रमाणित भएको अवस्थामा आम्दानी रकम जम्मा रु. १,२३,२७,७२४।— आयमा जोडिनुपर्छ भनी प्रतिवादीको जिकिर रहेको। फौज्दारी कसुरको अभियोगमा प्रचलित कानून बमोजिम कारवाही र सजाय गर्न समेत रोक लगाउने अर्थात कुनै आपराधिक कार्यबाट आर्जित सम्पत्ति करको दायरामा आउँदैमा त्यस्तो सम्पत्ति चोखो हुने भन्ने अभिप्रायबाट आर्थिक ऐन, २०७१ ले कर छुटको व्यवस्था लागु गरेको होइन भनी वादीको दावी रहेको। प्रतिवादीले आर्थिक ऐन, २०७१ को दफा २०(१) को प्रावधान बमोजिम आ.व. २०६७/०६८ देखि पछिको आय विवरण पेश गरी कर दाखिला गरेको हुँदा त्यस अघिको आय विवरण र कर दाखिला छुट पाउने हो भनी जिकिर लिएको।<br>▪यसै सन्दर्भमा, आर्थिक ऐनले आय कर प्रयोजनका लागि गरेको व्यवस्था र त्यसरी आय कर तिरेको अवस्तामा पनि कुनै पनि प्रयोजनको लागि छानबिन नगरिने, सम्पत्तिको स्रोत खोज्न नसकिने अर्थ गर्न मिल्दैन भनी *नेपाल सरकार वि. चिरञ्जीवी वाग्ले समेत* भएको भ्रष्टाचार मुद्दामा (ने.का.प. २०६७, अंक १२, नि.नं. ८५१९) सम्मानित सर्वोच्च अदालतबाट भएको व्याख्या सान्दर्भिक देखिँदा करदाता सेवा कार्यालय, महाराजगञ्ज, काठमाण्डौको च.नं. ३३४८ मिति २०७२/११/०६ को कर चुक्ता सम्बन्धी पत्रबाट आ.व. २०६७/०६८ मा रु. ७९,४७९।—; आ.व. २०६८/०६९ मा रु. ७५,५६५।—; आ.व. २०६९/०७० मा रु. १,१७,४४८।— र आ.व. २०७०/०७१ मा रु. ७७,५०८।— गरी जम्मा रु. ३,५०,०००।— आय कर प्रतिवादीले दाखिला गरेको देखिएको उक्त तीन आ.व. को करयोग्य आय जम्मा रु. ६,४७,५००।— देखिएको। यसबाट करयोग्य आयबाट दाखिला गरेको आय कर घटाउँदा जम्मा रु. २,९७,५००।— खुद आय भएको देखिएको।<br>▪प्रतिवादी चुडामणि शर्माले आर्थिक ऐन, २०७१ ले दिएको सुविधा अनुसार आ.व. २०६७ पछिको आय कर बुझाईसकेको हुँदा त्यस अघिको आय कर नबुझाए पनि आयमा कायम हुनुपर्छ भनी जिकिर लिएको। यस सम्बन्धमा, बहुआयामिक प्रकाशन तथा व्यवस्थापन केन्द्र र बहुआयामिक परामर्श सेवा केन्द्र कानुनी रुपमा दर्ता हुनु भन्दा अगाडि पनि आस्तित्वमा रही काम भएको भन्ने कुरा मिसिल प्रमाणहरुबाट पुष्टि हुन सकेको नदेखिएकोले र सो अवधिको कर सम्म तिरेको पनि नदेखिएकोले प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिएको।<br>**(च) जग्गा बिक्रीबाट प्राप्त आयः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी चुडामणि शर्माकी श्रीमति प्रतिवादी कल्पना उप्रेती शर्माको नाममा दर्ता रहेको काठमाण्डौ जिल्ला, चपली, भद्रकाली ६ स्थित कि.नं. ६१० को जग्गा कविता उप्रेतीलाई र.नं. ५३८३, मिति | विवरणमा उल्लिखित रु. १५,००,०००।– गरी जम्मा रु. २५,००,०००।– यस शीर्षक अन्तर्गत न्यायोचित अनुमान गरी प्रतिवादीको व्ययमा समावेश गरी सम्मानित विशेष अदालतबाट प्रतिवादीको व्ययमा कायम गरिएको।<br>(ड) प्रतिवादी चुडामणि शर्माले मिति २०७३/०८/२९ मा आयोग समक्ष पेश गरेको सम्पत्ति विवरण फाराम साथ संलग्न आय व्यय विवरण (सरकारी सेवामा प्रवेश गरेको मिति वि.सं. २०४५/०४/२२ देखि २०७३ कार्तिक मसान्तसम्मको नगद प्रवाह विवरण) मा *"माथि विभिन्न आ.ब. मा विभिन्न खर्च शिर्षकमा उल्लेख नभएको आ.ब. २०४५/०४६ देखि हालसम्म भएका विविध घरायसी, शैक्षिक, व्यवसायिक, पारिवारिक, सामाजिक एवं अन्य खर्चहरु"* भन्ने व्यहोरा र खर्च रकम रु. ३,५६,०४,५७०।८९ समेत उल्लेख भएको। त्यसैगरी, प्रतिवादी चुडामणि शर्माले अनुसन्धानको क्रममा गरिदिएको बयानको स.ज. २४ को दोस्रो अनुच्छेदमा *"...कतिपय खर्चको प्रमाण कागज, विल भरपाइ समेतको अभिलेख रहेको, सो उपलब्ध भएको सन्दर्भ बमोजिम सम्पत्ति विवरण साथ पेश गरिसकेको छु। कतिपय खर्चहरुको विल भरपाई प्रमाण कागज नरहेको, खर्चको विल लिने दिने प्रचलन नभएको, प्रमाण कागजात नलिइएको, सुरक्षित नरहेको, भविष्यमा अर्थात अहिलेको अवस्थामा पेश गर्नु पर्ने बाध्यता अर्थात अवस्थाको पूर्व आँकलन गरी वा विश्लेषण गरी राख्ने कार्य नभएको आदि कुराको यथार्थता तथा व्यवहारिक परिपाटी यहाँलाई पनि विदितै छ। त्यसैगरी कतिपय खर्चको शीर्षकगत पृथक अभिलेख नरहेको र सो सम्बन्धी सामाजिक, प्रशासनिक, व्यवसायिक तथा व्यवहारिक परिपाटी एवं प्रचलन समेत नभएको अवस्थामा मैले सम्पत्ति विवरणमा खुले सम्म, खुलाउन सकेसम्म, सुरक्षित एवं प्रमाणित कागज विल भरपाइ प्रमाण भए सम्मका मूलभूत खर्च शीर्षक सोको अवधि एवं समय, रकम, विवरण समेतका कुराहरु स्पष्ट गरेको र सो बाहेकका अन्य खर्चहरुलाई एकमुष्ट रुपमा उल्लेख गरेको व्यहोरा उल्लेख गर्दछु।..."* भन्ने व्यहोरा उल्लेख भएको। त्यस्तै, प्रतिवादी चुडामणि शर्माले अनुसन्धानको क्रममा गरिदिएको बयानको स.ज. २५ मा *"...शीर्षक खुले* |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | २०७०/०१/०८ मा बिक्री गरेकोमा लिखत मूल्य रु. ७६,००,०००।— नै मानी प्रतिवादीको आयमा गणना गरिएको। प्रतिवादीले बयान गर्दा उक्त जग्गा कविता उप्रेतीको नामको कि.नं. ५०५, ६४२, ६४४ र ६४६ जग्गासँग सट्टापट्टा गरेको भनी उल्लेख गरेको। यस सम्बन्धमा, उक्त जग्गाको हक हस्तान्तरण गर्दा सट्टापट्टाको कागज गरेको नभई राजिनामाको कागज गरेको देखिएको, आधिकारिक सरकारी निकायबाट पारित भएको लिखतमा उल्लिखित व्यहोरा सही रुपमा उल्लेख गरेका हुन् भनी अदालतले अनुमान गर्नुपर्ने र प्रमाण ऐन, २०३१ को दफा ६ तथा दफा २९ बमोजिम उक्त लिखतको व्यहोरा अन्यथा हो भन्ने कुरा पुष्टि गर्नुपर्ने दायित्व प्रतिवादीमा रहने हुँदा अन्यथा प्रमाणित नभएसम्म सो लिखतमा उल्लिखित व्यहोरा बमोजिम प्रतिवादीहरुले कि.नं. ६१० को जग्गा आरोपपत्र बमोजिमको मूल्यमा बिक्री गरेको देखिएको।<br>**(छ) कर्मचारी सञ्चय कोष एवं बैंक कर्जाः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी चुडामणि शर्माको आयमा रु. १,०८,६३,३००।— कायम गरिएकोमा प्रतिवादीले व्यक्तिगत रुपमा भाई पर्शुराम ढकाल र सासू सीतादेवी उप्रेतीसँग लिएको सापटि रकम रु. १५,००,०००।— पनि आयमा गणना गरिनुपर्छ भनी जिकिर लिएको। यस सम्बन्धमा, यस्ता लिखत जो सुकैसँग जहिलेसुकै बनाउन सकिने, त्यसमा पनि आफ्ना परिवारभित्रका सदस्यहरुसँग त अझ सहजै जुनसुकै समयमा लेनदेनका कागज घरसारमै बनाउन सकिने यस्ता कागजहरुलाई सबै अवस्थामा प्रमाणमा ग्रहण गर्न उचित नहुँदा व्यक्तिगत कर्जा रकम पनि प्रतिवादीको आयमा गणना गरिनुपर्छ भन्ने प्रतिवादीका कानुन व्यवसायीहरुको जिकिरसँग सहमत हुन नसकिएको।<br>**(ज) वैदेशिक बचत आयः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी चुडामणि शर्माको आयमा रु. १,५९,७२६।— कायम गरिएकोमा प्रतिवादीले जापान तथा सिंगापुर भ्रमण गर्दा प्राप्त रकम समेत आयमा जोडिनुपर्छ भनी जिकिर लिएको। यस सम्बन्धमा, प्रतिवादीले पेश गरेका आय/व्ययका प्रमाण कागजातहरु हेर्दा आन्तरिक राजस्व विभागको मिति २०७२/०४/१९ को पत्रबाट सिंगापुर भ्रमण गर्दा रु. ९८,७४८।— प्रतिवादीले आय गरेको देखिँदा उक्त आयमा ३०% कटाएर हुन आउने रु. ६९,१२३।६० निजको आयमा थप भई यस शीर्षकमा जम्मा रु. २,२८,८४९।६० प्रतिवादीले आय आर्जन गरेको देखिएको।<br>**व्ययतर्फः**<br>**(क)घर निर्माण एवं आन्तरिक साजसजावट समेतको लागतः**<br>▪यस शीर्षकमा जाँच अवधिमा आयोगबाट आयोगकै विशेष अनुसन्धान महाशाखाको पत्र संख्याः वि.अ.म.०७३/०७४, च.नं. १६६२, मिति २०७४/०३/०९ को पत्र साथ प्राप्त हुन आएका प्रतिवादी चुडामणि शर्माकी श्रीमति प्रतिवादी कल्पना | *अनुसारको प्रमाण-कागजात भएको खर्च विषय/शीर्षकको रकम, मिति समेतको विवरण पृथक पृथक उल्लेख गरेको र सो बाहेकको अन्य खर्च विवरण अर्थात रकम एकमुष्ट उल्लेख गरेको भन्ने व्यहोरा स्पष्ट भैसकेको छ तथा स्पष्ट नै छ भन्ने लाग्छ।"* भन्ने व्यहोरा पनि उल्लेख भएको देखिएको।<br>(ई) मिसिल संलग्न प्रतिवादी चुडामणि शर्माले मिति २०७३/०८/२९ मा आयोग समक्ष पेश गरेको सम्पत्ति विवरण फाराम साथ संलग्न आय व्यय विवरण (सरकारी सेवामा प्रवेश गरेको मिति वि.सं. २०४५/०४/२२ देखि २०७३ कार्तिक मसान्तसम्मको नगद प्रवाह विवरण) र निज प्रतिवादीले अनुसन्धानको क्रममा गरिदिएको बयानको स.ज. २४ र स.ज. २५ समेतबाट बिल भरपाई र प्रमाणका कागजातहरुबाट शीर्षक र रकम एवं मिति खुलेका शीर्षक अनुसारका खर्चहरुबाहेक शीर्षक नखुलेका घरायसी, शैक्षिक, पारिवारिक, सामाजिक एवं अन्य खर्चहरुमा आ.व. २०४५/०४६ देखि २०७३ साल मंसिर मसान्तसम्म रु. ३,५६,०४,५७०।८९ खर्च भएको तथ्य निज प्रतिवादीले स्वीकार नै गरेको पुष्टि भएको।<br>(उ) सो तथ्य पुष्टि भएकै देखिँदा निज प्रतिवादीले मिति २०७३/०८/२९ मा आयोग समक्ष पेश गरेको सम्पत्ति विवरण फारामको *"अन्य सम्पत्तिहरुको विवरण"* महलमा विभिन्न पुस्तक, लत्ताकपडा, भाँडाकुँडा, ग्यास सिलिन्डर, -याक, दराज, पलङ, खाट, कुर्सी, टेबल, सोफासेट लगायतका फर्निचर एवं पर्दा, कार्पेट, राडी, कम्बल, ब्लांकेट, गलैंचा समेतका फर्निसिङका सामान खरिदमा भएको खर्च भनी खुलाईदिएको रु. १५,००,०००।— तथा उक्त सम्पत्ति विवरण फारामको *"सुन, चाँदी/जवाहरात"* महलमा सुनका गरगहना ३२ तोला र चाँदीका गरगहना र अन्य भाँडाकुँडा समेत ८५ तोलाको खर्च मूल्य रकम र निज तथा निजको श्रीमति प्रतिवादी कल्पना उप्रेती शर्मा समेतको उच्च अध्ययन एवं छोरीहरुको शैक्षिक खर्चहरु तथा शीर्षक र बिल भरपाइ नखुलेका शैक्षिक, पारिवारिक, सामाजिक तथा घरायसी विविध लगायत टेलिफोन खर्च मोबाइल सेट खरिद एवं महशुल, सवारी साधनको वार्षिक कर/बीमा/इन्धन/मर्मत जस्ता पारिवारिक अतिरिक्त खर्चहरुलाई आयोगबाट अलग रुपमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | उप्रेती शर्माको नाममा रहेको काठमाण्डौ जिल्ला, साबिक चपली भद्रकाली गा.वि.स. वडा नं. ६ हाल, बुढानिलकण्ठ नगरपालिका वडा नं. २ स्थित कि.नं. ५०५, ६४२, ६४४ र ६४६ को क्रमशः ३१७.९६ व.मि., १५८.९८ व.मि., ३१७.९६ व.मि. र ३९.७५ व.मि. क्षेत्रफल भएको जग्गामा निर्माण भएको तीन तला (भ-याङ्ग छोप्ने कोठा सहित) घरको घर कम्पाउण्डको मूल्याङ्कन प्रतिवेदन अनुसार रु. २,०६,४७,७९१।— प्रतिवादीको व्ययमा कायम गरिएकोमा आयोग आफैले निर्माण गरेको निर्देशिका र भवन निर्माणले निर्धारण गरेको निर्माण लागत निर्देशिका बाहिर गई मूल्याङ्कन गरी बढी मूल्य कायम गरिएको; ओभरहेड कस्ट र ठेक्का कर समेत घटाउनुपर्ने र घर निर्माणको लागत मूल्य जम्मा रु. १,०२,३४,१८०।— मात्र कायम हुनुपर्ने भनी प्रतिवादी चुडामणि शर्माले जिकिर लिएको।<br>▪यस सम्बन्धमा, प्राविधिक मूल्याङ्कन प्रतिवेदनबाट उक्त घर निर्माणको मात्रै लागत रु. ६८,९९,३२४।६१ देखिन्छ। बिजुली, Sanitary र Site Development वापत घर निर्माण लागतको ९०% निर्धारण गरी यसमा रु. ६२,०९,३९२।१४; फिनिसिङमा ३०% निर्धारण गरी रु. २०,६९,७९७।३८; इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामग्रीहरुमा रु. २२,६३,८५०।— र इन्टेरियर डिजाइन तथा फर्निचर/फर्निसिङमा रु. ३२,०५,४२६।६० मूल्य राखी घर निर्माण हुँदाको दररेटका आधारमा मूल्य लागत जम्मा रु. २,०६,४७,७९१।— कायम गरिएको देखिन्छ। प्रतिवादीको घरको मूल्याङ्कनमा बिजुली, Sanitary र Site Development शीर्षकमा ९०% र फिनिसिङमा ३०% मूल्य राखिएको देखिन्छ। आन्तरिक सजावट (Interior Design) तथा फर्निचर/फर्निसिङ उच्चस्तरीय देखिएको भन्ने आयोगको निष्कर्ष रहेको देखिए पनि प्रतिवादीको घरमा लिफ्ट जडान भएको नदेखिएको। आयोगको सम्पत्तिको मूल्याङ्कन तथा अनुसन्धान सम्बन्धी कार्यनिर्देशिका, २०७० को व्यवस्था बमोजिम विशेष सजावट तथा लिफ्ट भएको घरको मूल्याङ्कन गर्दा जति रकम खर्च भएको, सोही बमोजिमको मूल्य राख्न सकिने अवस्था देखिँदा आयोगले बिजुली, Sanitary र Site Development शीर्षकमा राखेको दररेट मिलेको नदेखिएको।<br>▪प्रस्तुत मुद्दामा घर निर्माण लागतमा विवाद देखिँदैन। घर निर्माण लागतमा ओभरहेड कस्ट र ठेक्का कर घटाउनु पर्ने र सो बाहेकका खर्चमा लगाएको दररेट नमिलेको भनी प्रतिवादीको तर्फबाट जिकिर रहेको। यस सम्बन्धमा, प्रतिवादीले उक्त घर ठेकेदारबाट निर्माण नगराई आफ्नो रेखदेखमा आफ्ले निर्माण गरेको भनी जिकिर लिएकोले र सम्मानित सर्वोच्च अदालतले प्रतिपादन गरेको सिद्धान्तको आधारमा आयोगबाट कायम गरिएको प्रतिवादीको घर निर्माण लागत रु. ६८,९९,३२४।६१ को २०% रकम रु. १३,७९,८६४।९२ घटाउँदा हुन आउने रकम रु. ५५,१९,४६०।— घर निर्माण लागत कायम हुने देखिएको। | व्ययतर्फ गणना नगरिएको। तसर्थ, प्रतिवादीको पारिश्रमिक आय लगायतका निजका वैद्य आयका स्रोत जीवन निर्वाह खर्च तथा कानुन बमोजिम कर कट्टी गरिएको र घरायसी सामान खरिद, आय आर्जन गरेका, संस्थामा लगानी, शेयर खरिद, सवारी साधन खरिद, आदिमा भएको व्यय रकम तीनै शीर्षकहरुमा जोडिई दोहोरो गणना नगरिएको स्पष्ट देखिएको र उक्त व्यय रकम रु. ३,५६,०४,५७०।८९ खर्च भएको भनी निज प्रतिवादीले स्पष्ट रुपमा स्वीकार गरेको देखिएको अवस्थामा पनि सम्मानित विशेष अदालतबाट न्यायोचित अनुमान गरी रु. २५,००,०००।— प्रतिवादी चुडामणि शर्माको व्ययमा कायम गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>**(ख)** प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट घर निर्माण एवं आन्तरिक साजसजावट समेतको लागत रु. १,३८,८६,४३३।— र बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको कर्जा चुक्ता प्रयोजनमा रु. २३,९६,६७६।— व्ययमा कायम गरिएको सम्बन्धमा अन्यथा पुष्टि हुने अवस्था नदेखिँदा पुनरावेदक/वादीको जिकिर नरहेको।<br><br>अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादी चुडामणि शर्माको जाँच अवधिको समग्र व्यय जम्मा **रु. ७,१५,७३,०३८।— (अक्षरुपी सात करोड पन्ध्र लाख त्रिहत्तर हजार अढतीस रुपैयाँ)** र जाँच अवधिको समग्र वैधानिक आय **रु. ३,७०,४०,६८१।१५ (अक्षरुपी तीन करोड सत्तरी लाख चालीस हजार छ सय एकासी रुपैयाँ र पन्ध्र पैसा)** देखिएकोले निज प्रतिवादीले **रु. ३,४५,३२,३५६।८५ (अक्षरुपी तीन करोड पैतालीस लाख बत्तीस हजार तीन सय छपन्न रुपैयाँ र पचासी पैसा)** बराबरको रकमको स्रोत पुष्टि गर्न सकेको नदेखिँदा कूल जम्मा बिगो **रु. ३,४५,३२,३५६।८५ (अक्षरुपी तीन करोड पैतालीस लाख बत्तीस हजार तीन सय छपन्न रुपैयाँ र पचासी पैसा)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको। सम्मानित विशेष अदालतबाट प्रतिवादीहरुले आरोपित कसुरबाट सफाई पाउने ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले उक्त त्रुटिपूर्ण फैसला बदर गरी प्रस्तुत पुनरावेदन जिकिर बमोजिम प्रतिवादी चुडामणि शर्माले गैरकानुनी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ▪त्यस्तै, बिजुली, Sanitary र Site Development शीर्षकमा घर निर्माण लागतको बढीमा १२% दररेट लागु हुन सक्ने अवस्था देखिँदा यस शीर्षकमा रु. ८,२७,९००।— र फिनिसिङमा रु. २०,६९,७९७।३८ कायम हुने देखिएको। यसरी, प्रतिवादीको घर निर्माण लागत (२०% घटाइएको घर निर्माण लागत; दररेट १२% ले हुने बिजुली, Sanitary र Site Development को रकम र फिनिसिङ रकम) जम्मा रु. ८४,१७,१५७।—; इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामग्रीहरुमा रु. २२,६३,८५०।— र इन्टेरियर डिजाइन तथा फर्निचर/फर्निसिङमा रु. ३२,०५,४२६।६० गरी यस शीर्षकमा जम्मा रु. १,३८,८६,४३३।— प्रतिवादीको व्यय भएको देखिएको।<br>**(ख) जग्गा खरिदः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट जम्मा रु. १,२३,१३,०००।— प्रतिवादीको व्ययमा कायम गरिएकोमा प्रतिवादीले काठमाण्डौ जिल्ला, साबिक चपली भद्रकाली गा.वि.स. २ को कि.नं. ६१० को क्षेत्रफल १-३-२-३ भएको जग्गा आ.व. २०६२/०६३ मा रु. २३,३८,०००।— मा खरिद गरेकोमा उक्त जग्गा आ.व. २०६९/०७० मा कविता उप्रेतीको कि.नं. ५०५, ६४२, ६४४ र ६४६ को क्षेत्रफल १-१०-१-० भएको जग्गासँग सट्टापट्टा गर्दा कविता उप्रेतीलाई जम्मा रु. २३,७५,०००।— मात्र खर्च गरी यस शीर्षकमा जम्मा रु. ४७,१३,०००।— मात्र खर्च गरेको भनी जिकिर लिएको। यस सम्बन्धमा, उक्त जग्गाको हक हस्तान्तरण गर्दा सट्टापट्टाको कागज गरेको नभई राजिनामाको कागज गरेको देखिएको, प्रमाण ऐन, २०३१ को दफा ६ बमोजिम लिखतमा उल्लिखित मूल्यलाई नै लेनदेनको मूल्य हो भनी अदालतले अनुमान गर्नुपर्ने र अन्यथा प्रमाणित नभएसम्म पारित लिखतमा उल्लिखित मूल्यलाई आधार मान्ने न्यायिक अभ्यास देखिएकोले आरोपपत्रमा उल्लिखित रकम नै यस शीर्षकमा व्यय रकम कायम हुने देखिएको।<br>**(ग) बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको कर्जा चुक्ता प्रयोजनमाः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट जम्मा रु. ३३,८९,३६५।— गणना गरिएकोमा प्रतिवादी चुडामणि शर्माले कर्मचारी सञ्चय कोषबाट मिति २०७३/०८/१३ मा ९,९२,६८९।— रकम कर्जा कर्मचारी सञ्चय कोषलाई तिरेकै छैन भनी जिकिर लिएको। यस सम्बन्धमा, कर्मचारी सञ्चय कोषको मिति २०७६/०८/१३ को पत्र र आरोपपत्रबाट उक्त कोषबाट लिएको कर्जा रकम मध्ये जम्मा रु. १,३१,०१०।— मात्रै साँवा ब्याज बुझाएको र रु. ९,९२,६८९।२३ तिर्न बाँकी रहेको देखिएकोले प्रतिवादीले चुक्ता गर्न बाँकी रहेको उल्लिखित रकम यस शीर्षकको व्यय रकममा घटाउँदा हुन आउने रु. २३,९६,६७६।— रकम मात्रै प्रतिवादीको व्यय कायम हुने देखिएको।<br>**(घ) बिल भरपाई र प्रमाणका कागजातहरुबाट शीर्षक र रकम एवं मिति खुलेका शीर्षक** | रुपमा सम्पत्ति आर्जन गरी अर्का प्रतिवादी कल्पना उप्रेती शर्माको नाममा उक्त गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति राखी भ्रष्टाचार गरेको ठहर गरी आयोगको मागदावी तथा पुनरावेदन जिकिर बमोजिम सजाय गरी सम्पत्तिसमेत जफत हुन मागदाबी लिइएको। |

**अनुसारका खर्चहरुबाहेक शीर्षक नखुलेका घरायसी, शैक्षिक, पारिवारिक, सामाजिक एवं अन्य खर्चहरुमा आ.व. २०४५/०४६ देखि २०७३ साल मंसिर मसान्तसम्म भए गरेको खर्चः**

- यस शीर्षकमा जाँच अवधिमा प्रतिवादी चुडामणि शर्माले अनुसन्धानको क्रममा गरिदिएको बयानको स.ज. २४ र स.ज. २५ मा निजले स्वीकार गरेको व्यय रकम खुलाईदिएको व्यहोरा साथै मिति २०७३/०८/२९ मा निजले आयोग समक्ष पेश गरेको सम्पत्ति विवरण फाराम साथ संलग्न आय व्यय विवरण (सरकारी सेवामा प्रवेश गरेको मिति वि.सं. २०४५/०४/२२ देखि २०७३ कार्तिक मसान्तसम्मको नगद प्रवाह विवरण) का आधारमा जम्मा रु. ३,५६,०४,५७०।— व्ययमा गणना गरिएको देखिएको।
- यस सम्बन्धमा, प्रतिवादी चुडामणि शर्माले आयोग समक्ष गरिदिएको बयानको स.ज. २४ र स.ज. २५ मा उल्लिखित व्यहोरा हेर्दा, निज प्रतिवादीले समग्र रुपमा गरेको व्यय रकमका सन्दर्भमा बोलेको भन्ने देखिएको; निजको जवाफमा यस अघि प्रतिवादीले गरेको व्ययको शीर्षक अन्तर्गतका रकमहरु पनि यसमा समावेश भएको भन्ने बुझिएको र प्रतिवादीले उल्लिखित स.ज. २४ र स.ज. २५ भन्दा अगाडिका सवाल जवाफमा निजले दिएको जवाफ बमोजिम अनुसन्धान भएर प्राप्त प्रमाणका आधारमा ती व्यय रकमलाई विभिन्न शीर्षक राखेर निजले खर्च गरेको रकम अन्तर्गत व्ययमा जोडिएको देखिएको।
- मुद्दाको कुनै पक्षले व्यक्त गरेका कुरा अर्को पक्षले लिखित रुपमा स्वीकार गरेमा सो स्वीकार गरेको कुरामा प्रमाण बुझ्न नपर्ने, सो स्वीकारोक्ति प्रमाणमा लिन हुने भन्ने प्रमाण ऐन, २०३१ को दफा ४ बमोजिमको प्रावधान आकर्षित हुन प्रतिवादीले उक्त कुरा स्वीकार गरेको देखिनुपर्ने हुँदा प्रतिवादीले प्रष्टसँग व्ययका अन्य शीर्षक बाहेक पनि उक्त रकम आफूले खर्च गरेको हो भन्ने कुराको स्वीकारोक्ति गरेको नदेखिँदा प्रतिवादी स्वयं स्वीकार गरेको व्यय रकम हो भन्ने आरोपदावी सही नदेखिएको। यस शीर्षकमा उल्लिखित घरायसी, शैक्षिक, पारिवारिक, आदि विषयमा प्रतिवादीले के-कति रकम व्यय गरे भन्ने कुरा अभियोजन पक्षले देखाउनै नपर्ने, प्रतिवादीले बयानमा कुनै प्रसङ्गमा एकमुष्ट रुपमा व्यय अंक उल्लेख गरे भन्दैमा व्ययका शीर्षकसम्म नखुलाई ती शीर्षकमा भएको व्यय नखुलाई एकमुष्ट रुपमा व्यय देखाउनु स्वभाविक र कानुन सँगत नदेखिएको; प्रतिवादीको पारिश्रमिक आय लगायतका निजका वैध आयका स्रोत जीवन निर्वाह खर्च तथा कानुन बमोजिम कर कट्टी गरिएको र घरायसी सामान खरिद, आय आर्जन गरेका, संस्थामा लगानी, शेयर खरिद, सवारी साधन खरिद, आदिमा भएको व्यय रकम तीनै शीर्षकहरुमा जोडिएको।
- त्यसैले, खर्चका शीर्षकमा नजोडिएका तथा व्यवहारिक रुपमा खर्च भएको देखिएका प्रतिवादीका छोरीहरुको शैक्षिक खर्च अनुमानित रु. ८,००,०००।—; सुन चाँदी खरिदमा अनुमानित रु. २,००,०००।— र प्रतिवादीले आयोग समक्ष पेश गरेको

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सम्पत्ति विवरण फारामको अन्य सम्पत्तिहरुको विवरणमा उल्लिखित रु. १५,००,०००।— गरी जम्मा रु. २५,००,०००।— यस शीर्षक अन्तर्गत न्यायोचित अनुमान गरी प्रतिवादीको व्ययमा समावेश गर्न उचित देखिएको।<br>(ङ) प्रतिवादी चुडामणि शर्माको जाँच अवधिको व्यय सम्बन्धमा आयोगबाट जग्गा खरिद रजिष्ट्रेशन दस्तुर रु. १,८१,८५०।—; बहुआयामिक प्रकाशन तथा व्यवस्थापन केन्द्रमा लगानी रु. ५,००,०००।—; बहुआयामिक परामर्श सेवा केन्द्रमा लगानी रु. ५,००,०००।—; विष्णु सिवाकोटीलाई दिएको सापटी रकम रु. ७,००,०००।—; शेयर खरिद रु. ६,३७,०००।—; सवारी साधन खरिद रु. ८,११,०००।—; प्रतिवादी चुडामणि शर्माको साथमा रहेको रकम रु. २२,७९,०००।— र प्रतिवादी चुडामणि शर्मा र निजको परिवारको नाममा बैंक खातामा मिति २०७३ साल मंसिर मसान्तमा देखिएको अन्तिम मौज्दात रु. १७,६३,५०९।— कायम गरिएकोमा प्रतिवादीले चित्त बुझाएको, अन्यथा जिकिर नरहेको देखिँदा सो सम्बन्धमा मुख मिलेकै कारण थप विवेचना हुनुपर्ने नदेखिएको। | |